# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०३।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आयोगबाट सम्मानित विशेष अदातल, काठमाडौंमा दर्ता भएको मुद्दा नं.०८०-CR-०१२६ वादी नेपाल सरकार प्रतिवादी नेपालगञ्ज सव-डिभिजन वन कार्यालय, राँझाका तत्कालीन सहायक वन अधिकृत नारायण पार्धे भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरिएका मकरध्वज पाण्डेले आयोगमा गरेको बयानको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बाँके, डुडुवा गाउँपालिका वडा नं. ६ घर भएका मकरध्वज पाण्डेले वादी नेपाल सरकार प्रतिवादी नारायण पार्धे भएको भ्रष्टाचार मुद्दामा निजलाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले सम्मानित विशेष अदालत, काठमाडौं समक्ष वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयान व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टी भएको हुँदा निज मकरध्वज पाण्डेले काठ चिरानको सिफारिस वापत रु.७,०००।—(सात हजार रुपैयाँ) घुस/रिसवत प्रतिवादी नारायण पार्धेलाई दिइएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अन्तर्गतको कसुर भएको हुँदा निज मकरध्वज पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा रु.७,०००।-(सात हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय गरी घुस/रिसवत रकम जफत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे